# जिज्ञासा र सुझाव

श्रीमान् सम्पादक ज्यू,

विगतका तुलनामा अङ्क ३ परिस्कृत हुँदै गएको साक्षात्कार सबै पाठकहरूले गर्नु भएको होला भन्ने लागेको छ । विषयगत, भाषागत र प्रस्तुतिकरणको हिसाबले यो परिपक्वताको सिँढी उक्लिदै छ । यसको प्रचार-प्रसारलाई अझ व्यापकता दिनु आवश्यक छ ।

अङ्क ३ मा साझेदारी वन व्यवस्थापनको मुद्दालाई विशेष लेखको रुपमा प्रस्तुत गरेको पाइयो । उक्त विषयमा एघारोटा लेखहरू समावेश छन् (सा.व. मा राजस्वको सवाल बाहेक) जसमा आठोटा संस्थाहरूको प्रतिनिधित्व छ । मत र पक्षको आधारमा हेर्दा तीन किसिमका मतहरू देखिन्छन्, जसमा सरकारी पक्ष साझेदारी वन, गैह्र सरकारी पक्ष सामुदायिक वन र परियोजना तथा पत्रकारको प्रतिनिधित्व भएका दुई लेख मध्यमार्गी र नयाँ सवाल लिएर उभिएको देखिन्छ ।

तर्क-वितर्कहरूको अध्ययन गर्दा सामुदायिक वनका पक्षधरहरूले साझेदारी वनको सम्बन्धमा त्यसको कार्यान्वयन पक्ष र सरकारी संयन्त्रको नियतमाथि पटक-पटक प्रश्न उठाएका छन् भने आधारभूत सिद्धान्तमा खासै विमति राखेको देखिदैन । यसै गरी साझेदारी वनका पक्षधरहरूबाट सामुदायिक वनको लाभांश बाँडफाँटको सम्बन्धमा मुख्य विमति राखेको देखिन्छ । दुई पक्षले उठाएका प्रमुख सवाललाई हेर्दा साझेदारी वन व्यवस्थापनको कार्यान्वयन पक्षलाई अधिकाधिक स्पष्टता दिलाउने र सामुदायिक वनको लाभांश वितरणले विभिन्न तहमा लाभ पुऱ्याउन सक्ने निश्चततालाई छलफलको केन्द्रविन्दु बनाएर तर्क-वितर्क गर्ने हो भने सामुदायिक वनमा प्रभावकारी सुधार र साझेदारी वनको परीक्षण र विस्तार कार्य सहमतिजन्य रुपमा अघि बढ्न सक्ला जस्तो पनि देखिन्छ ।

- विर्ख छेत्री,

---

श्रीमान् सम्पादक ज्यू,
हाम्रो वन सम्पदा
काठमाडौं ।

सर्व प्रथम, 'हाम्रो वन सम्पदा' ले आफ्नो प्रकाशनको पहिलो वर्ष पूरा गरी दोस्रो वर्षमा प्रवेश गरेकोमा 'हाम्रो वन सम्पदा' को सम्पादक मण्डललाई यस वर्षमा अझ बढी सफलताका साथ परिस्कृत अङ्कहरूका लागि अग्रिम प्रगतिको शुभकामना टक्र्याउँद छु ।

'हाम्रो वन सम्पदा' वन सम्बन्धी चासो राख्ने जो सुकैको लागि पनि उपयोगी पत्रिका छ । 'हाम्रो वन सम्पदा' को वर्ष १ अङ्क ३ साझेदारी वन व्यवस्थापन विश्लेषणले साझेदारी वन व्यवस्थापनबारे अन्योलमा परेका म जस्तै लाखौ वन-कर्मी र उपभोक्ताहरूलाई साझेदारी वन व्यवस्थापन सम्बन्धी विभिन्न दृष्टिकोण र बिचारहरू बुझ्न सहयोग गऱ्यो र आगामी दिनहरूमा पनि यस्तै अरु विषयमा विशेषाङ्कको निरन्तरताको आशा गर्दछु । पत्रिकाको विषयमा खासै आलोचनात्मक बुँदाहरू नभएपनि यस पत्रिकामा वनस्पति परिचय र वन्यजन्तु संरक्षण वा वन्यजन्तुको परिचय सम्बन्धी स्थायी स्तम्भहरू पनि क्रमशः समावेश गर्दा पत्रिकामा सुनमा सुगन्ध हुने थियो । संभव भएसम्म यी स्तम्भहरू क्रमशः समावेश गर्न सम्पादक मण्डललाई अनुरोध गर्दछु ।

- सोमराज घिमिरे
कन्चनपुर

---

'हाम्रो वन सम्पदा' पत्रिकालाई माया गरी सुझाव पढाउनु हुने तपाईं पाठकहरुलाई धन्यवाद दिन चाहन्छौं । तपाईहरुले दिनु भएका सुझावहरुलाई यथासंभव स्थान दिइने छ । **- सम्पादक**

# नेपाली भाषामा उपलब्ध प्राकृतिक स्रोत तथा सामुदायिक वन सम्बन्धी प्रकाशित सामाग्रीहरू

**सङ्कलक : अमृत अधिकारी**

| सि.नं. | पत्रिकाको नाम | प्रकाशक | पाइने ठाउँ/पुस्तकालय |
|---|---|---|---|
| ४८ | **प्राकृत (त्रैमासिक)** | नेपाल हर्ब्स तथा हर्वल उत्पादक सङ्घ | नेपाल हर्ब्स तथा हर्वल उत्पादक सङ्घ, राधा भवन त्रिपुरेश्वर, काठमाडौं, नेपाल<br>फोन नं. ०१-४२६४४२८ |
| ४९ | **जडीबुटी विज्ञान** | श्रीमती मिना पौडेल | नवजीवन आयुर्वेद रिसर्च सेन्टर तथा क्लिनिक जोगीकुटी, बुटवल, फोन नं. ०७१-४१६५२ |
| ५० | **अखबारमा गैह्रकाष्ठ वन पैदावार** | दिगो कृषि तथा जैविक स्रोतका लागि एसियाली नेटवर्क (एन्साव) | एन्साब, भीमसेन गोला मार्ग बानेश्वर<br>पो.ब.नं. ११०३५, काठमाडौं, नेपाल<br>फोन नं. ०१- ४४९७५४७/४४७८४१२ |
| ५१ | **जडीबुटी मञ्जरी** | मन | सिद्धार्थ जडीबुटी उद्योग, बानेश्वर<br>फोन नं. ०१- ४४९२१७४ |
| ५२ | **वनमा आश्रित गरिब नेपालीका समस्याहरूको सर्वेक्षण** | वन स्रोत अध्ययन तथा कार्य समूह (फरेष्टएक्सन) नेपाल | इन्भाइरोमेन्टल रिसोर्स इन्स्टिच्युट प्रा.लि. (ई.आर.आई.) एकान्तकुना, जाउलाखेल<br>फोन नं. ०१-५५५०६३१<br>पो.ब.नं. १२२०७, काठमाडौं |
| ५३ | **निजी वनको सन्देश (त्रैमासिक)** | मध्य तराई निजी वन विकास परियोजना | मध्य तराई निजी वन विकास परियोजना बेंगाडावर- ६, धनुषा<br>फोन नं. ०४१-५२४८७० |
| ५४ | **अधिकारका लागि अभियान जनवकालत सहयोगी पुस्तिका** | वन स्रोत अध्ययन तथा कार्य समूह (फरेष्टएक्सन) नेपाल | इन्भाइरोमेन्टल रिसोर्स इन्स्टिच्युट प्रा.लि. (ई.आर.आई.) एकान्तकुना, जाउलाखेल<br>फोन नं. ०१-५५५०६३१<br>पो.ब.नं. १२२०७, काठमाडौं |

(नोट :- सि.नं. १ देखि ४७ सम्मका सामाग्रीहरू अघिल्ला अङ्कहरूमा हेर्नुहोला ।)

**(प्राकृतिक स्रोत तथा वन सम्बन्धी नेपालीमा प्रकाशित पुस्तक, पत्रपत्रिका, बुलेटिन, रिपोर्टहरू यस पत्रिकाको ठेगानामा पठाई दिनुभएमा त्यसलाई हामी समीक्षा तथा प्रकाशन सूचीमा समावेश गर्ने छौं – सम्पादक)**

## सन्दर्भ सामग्री


[१] **Pokharel, B.K. and M.Nurse.** 2004 Forth coming. Forests and people's livelihoods: benefiting the poor from community forestry. *Journal of forest and Livelihood.* Vol 3(2)

[२] **Pokharel, B.K.** 2000. Community forestry and people's livelihoods. *Journal of Forestry and Livelihoods.* Vol 1(1)

[३] **पोखरेल, बि.के. १९९८.** वल्ल गरिबी, गरिब निवारण र सशक्तिकरणबारे थाहा पाएँ । *वन सँगालो,* वर्ष ४ अङ्क ८ पेज ३२–३३

[४] **Paudel, K.P. et al.** 2003. A survey of the priority problems of the forest and tree dependent poor people in Nepal. (English/Nepali). ForestAction/ERI and DFID/FRP, Kathmandu.

[५] **Blaikie, P and Sadeque, S.** 2000. Policy in high places: environment and development in the himalayan region. ICIMOD, Kathmandu, Nepal.

[६] **Springate-Baginski, O; Soussan, J; Dev, O P; Yadav, N P and Kiff, E.** 2000. Community forestry processes in Nepal: progresses and potentials. Leeds University, UK and Nepal-UK Community Forestry Project, Nepal.

[७] **Hunt, S; Dangal, S.** 2001. Minimizing the cost of overstocking: towards a thinning regime for community managed pine plantations in the central hills of Nepal. *Journal of Forestry and Livelihoods:* 1(1). ForestAction, Nepal.

[८] **Aus der Beek, R; Paudel, D; Bhujel, J B; Shivakoti, S R and Lama, S.** 2001. Understanding forest dynamics for active management: results from participatory trial plots in the hills of Nepal. *Forestry and Livelihoods:* No. 1 July 2001

[९] **Dr. J.C. Baral**. Unintended out comes of the community forestry intervention in Nepal – Some Implications, Case Study, Internet

[१०] **ODG/NORMS.** Social structure, livelihood and the management of common pool resources in Nepal. Sep 2003

[११] **Upreti, B.** Social transformation through community forestry: experience and lesson from Nepal Part II. Internet

[१२] **Dr. Kanel,D.R.; Sharma, A.R.** Community forestry: a challenge to the millennium. Internet

[१३] **Paul Lachapelle,** Understanding power and community forestry in Nepal. Internet.

[१४] **Pokharel, B.K. and M.Nurse**. 2004 Forth coming. Forests and people's livelihoods: benefiting the poor from community forestry. *Journal of forest and Livelihood.* Vol 3(2)

[१५] **Bhattrai,K.R.** 1992. Medicinal plant: cultivation and collection gorkha ayurved company (P.Ltd.), Kathmandu.

[१६] **Thapa, Y.B.** 2002. Satawari/Kurilo. *Kalpabriksha*. Year 12/13, No. 130,131. Forest Department, Kathmandu, Nepal. pp 11-13.

[१७] **Paudel, K.N.** 2001. *Jadibuti Bigyan*. Kailash Printings, Butwal.

[१८] **Parajuli, D.P.; Gyatrwali, A.R. and Shrestha, B.M.** 1998. Manual of important non-timber forest products in Nepal. (Project PDIOF/ITTO Project,) Institute of Forestry/International Tropical Timber Organization 103/90 Rev. 1(F)